नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## आर्थिक प्रशासन शाखा

फो.नं.
४२००२६०
४२००२८७
सिंहदरबार, काठमाण्डौं

पत्र संख्याः- २०७७/७८
चलानी नम्बरः- १६०

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

मितिः- २०७७/०८/१५

विषयः- <u>लेखापरीक्षण एवं सम्परीक्षण गराउने बारे ।</u>

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अन्तगर्तका (विभाग, /आयोजना/कार्यक्रम/समिति/प्रतिष्ठान, सबै) ।

श्री जिल्ला समन्वय समितिको कार्यालयहरु, सबै ।

श्री स्थानीय तह, सबै ।

प्रस्तुत विषयमा महालेखा परीक्षकको कार्यालयबाट आर्थिक वर्ष २०७६/७७ को काठमाण्डौ उपत्यकामा मंसिर दोश्रो हप्ता र स्थानीय तहहरुमा मंसिर तेश्रो हप्तादेखि स्थलगत रुपमा लेखापरीक्षण/बक्यौता लेखापरीक्षण तथा गत विगत वर्षहरुको बेरुजु समेत सम्परीक्षण हुने भएकोले नियमानुसार आवश्यक कागजातहरु, प्रमाणित आर्थिक विवरणहरु एवं अन्य आवश्यक वित्तीय प्रतिवेदनहरु समयमा नै आन्तरिक लेखापरीक्षण सम्पन्न गराई आन्तरिक लेखापरीक्षण प्रतिवेदन समेत संलग्न गरी अन्तिम लेखापरीक्षण गराउन हुन निर्णयानुसार अनुरोध छ ।

१. **बक्यौता लेखापरीक्षणः-** स्थलगत लेखापरीक्षणका क्रममा बक्यौता लेखापरीक्षण समेत हुने भएकोले बक्यौता लेखापारीक्षण गर्न बाँकी रहेको छ भने सो समेत लेखापरीक्षण गराउनु हुन ।

२. **सम्परीक्षणः-** स्थलगत लेखापरीक्षणको क्रममा नै लेखापरीक्षण डोरबाट सम्परीक्षण गरिने हुँदा गत विगत वर्षहरुको बेरुजुहरु सम्परीक्षणका लागि समयमा नै श्रेस्ता कागजातहरु पेश गरी सम्परीक्षण गराई बेरुजु शून्य बनाई सो को जानकारी यस मन्त्रालयलाई गराउनु हुन ।

३. **आयोजना हिसावः-** Project Account तयार गर्नु पर्ने कार्यालय भए सम्बन्धित दातृ संस्थासँग भएको सम्झौता अनुसार उपलब्ध गराउनु पर्ने आयोजना हिसाव तथा आवश्यक कागजातहरु समयमा उपलब्ध गराउनु हुन ।

४. उक्त अवधिमा कार्यालय प्रमुख, आर्थिक प्रशासन शाखा प्रमुख लगायत सम्बन्धित कर्मचारी एवं प्राविधिक कर्मचारीहरु र अन्य कर्मचारीहरु समेत अनिवार्य रुपमा कार्यालयमा उपस्थित भै सहयोग गरी दिनु हुन साथै लेखपारीक्षणको अवधिभर मन्त्रालयबाट विदा वा काज स्वीकृत नहुने र मन्त्रालयको आदेश बेगर कार्यालय प्रमुख विदा वा काजमा नबस्ने एवं अन्य जिम्मेवार कर्मचारी समेतलाई विदा वा काज नछोडने व्यवस्था मिलाउनु हुन ।

५. आर्थिक वर्ष २०७६/७७ मा कायम रहेका, खारेज हुने, गाभिने कार्यालयहरु र हस्तान्तरण भएका कार्यक्रमहरुको नगदी, जिन्सी, धरौटी र सम्पत्तीहरुको लेखा श्रेस्ता सो अवधिको जिम्मेवार व्यक्ति मार्फत नै आन्तरिक र अन्तिम लेखापरीक्षण गराई सकेर मात्र बरबुझारथ गर्ने/ गराउने । साथै गत विगत वर्षहरुको बेरुजुहरु महालेखापरीक्षक डोर समक्ष सम्परीक्षण गराई बेरुजु शून्य बनाउन व्यवस्था मिलाउनु हुन ।

६. आर्थिक वर्ष २०७५/७६ मा लेखापरीक्षण हुन नसकेका ९ वटा स्थानीय तहले अनिवार्य रुपमा डोर समक्ष श्रेस्ता पेश गरी लेखापरीक्षण गराउन हुन ।

७. स्थानीय तहका गत वर्षका बेरुजुहरु कार्यपालिका प्रमुखले बेरुजु वर्गीकरण अनुसार असुल उपर गर्नु पर्ने बेरुजुहरु यथाशीघ्र असुल उपर गरी संचित कोषमा दाखिला गराउनु हुन, नियमित तथा प्रमाण पेश गर्नुपर्ने

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## आर्थिक प्रशासन शाखा

फो.नं.
४२००२६०
४२००२८७
सिंहदरबार, काठमाण्डौं

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौं

पत्र संख्याः- २०७७/७८
चलानी नम्बरः- १६०

बेरुजुहरु नियमानुसार नियमित गरी प्रमाण संकलन गरी बेरुजु फछ्यौंट गरी लेखापरीक्षण गर्न खटिएको डोर समक्ष सम्परीक्षणका लागि लिखित अनुरोध गरी बेरुजु सम्परीक्षण गराउनु हुन ।

८. स्थानीय तहबाट बेरुजु नियमित भई सम्परीक्षणको लागि लेखापरीक्षण डोर समक्ष पेश भएको श्रेस्ता कागजातको अनुगमन लेखापरीक्षण (Follow up Audit) स्थलगत रुपमा हुने एवं लेखापरीक्षण प्रतिवेदन स्थलगत रुपमै स्थानीय तहले प्राप्त गर्ने हुँदा सम्परीक्षण त्यहीबाट गराउने व्यवस्था गर्नु हुन ।

९. महालेखा परीक्षकको कार्यालयबाट खटी जाने डोर समक्ष सम्परीक्षणको लागि श्रेस्ता कागजात पेश गर्दा रितपूर्वक नभएको, परिषदबाट फछ्यौंट गर्नु पर्ने, असुल गर्नु पर्नेमा अन्यथा भएको वा औचित्यका आधारमा समेत अनुचित किसिमबाट फछ्यौंट भए गरेको पाईएमा सो बेरुजु लगती कायम हुने र फछ्यौंट गर्ने पदाधिकारी उपर कारबाही समेत हुन सक्ने भएकाले रितपूर्वकको श्रेस्ता कागजात मात्र पेश गरी फछ्यौंट गर्ने/ गराउने व्यवस्था हुन ।

१०. आर्थिक वर्ष २०७६/७७ को श्रेस्ता कागजातको लेखापरीक्षण गरी प्रतिवेदन तयार गर्दाको बेरुजु र अघिल्लो वर्ष सम्म बाँकी बेरुजुहरुको समेत अध्यावधिक गरी लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिने हुँदा सो लाई विशेष ध्यान दिनु हुन ।

११. अन्यत्र सरुवा काजमा खटिएका जिम्मेवार कर्मचारीहरुले आफ्नो कार्यकालको लेखापरीक्षण गराएर मात्र रमाना गर्ने/ गराउने व्यवस्था मिलाउनु हुन ।

१२. कार्यसम्पादन मूल्याङ्कन गर्दा बेरुजु र बेरुजु फछ्यौंट सम्बन्धी प्रगतिलाई आधारको रुपमा लिइने भएकोले सोलाई मध्यनजर गरी लेखापरीक्षण गर्नु हुन ।

१३. जिल्ला समन्वय समितिहरुले स्थानीय तहको लेखापरीक्षणको लागि आवश्यक समन्वय, सहयोग र सहजीकरण गर्न हुन ।

१४. यस कार्यका लागि मन्त्रालयको तर्फबाट कुनै सहयोग सहजीकरण आवश्यक भएमा मन्त्रालयको आर्थिक प्रशासन शाखा प्रमुख वा लेखा अधिकृत श्री उमेश्वर प्रसाद काफ्ले (सम्पर्क नं- ९८५११४५६११) मा सम्पर्क गर्नु हुन ।

.........................
बाबुराम ज्ञवाली
**उपसचिव (लेखा)**

**बोधार्थः-**

श्री महालेखा परीक्षकको कार्यालय, सङ्घीय मामिला प्रशासनिक व्यवस्था तथा संवैधानिक लेखापरीक्षण महानिर्देशनालय, पूल्चोक, ललितपुर ।

श्री महाशाखा प्रमुखहरुज्यू, सबै, सङ्घीय मामिला तथ सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।

श्री महानिर्देशकज्यू, स्थानीय पूर्वाधार विभाग, पूल्चोक ।

श्री सूचना तथा प्रविधि शाखा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः- website मा राखिदिनु हुन ।